नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।

फोन नं.: ०१-४२००५११

४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-३/०७६/७७

मिति :- २०७६/११/१९

च.नं. :- ३४३

श्री जिल्ला समन्वय समिति (७७),

श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउँपालिका (सबै) ।

विषयः- ११० औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत बिषयमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको च.नं. ९५ प.स. ०७६/०७७ (म.वि.लै.मु.शा.) मिति २०७६/११/१४ को दिवस मनाउने सम्बन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा पत्रबाट नै अवगत गर्नुभई आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

(राजकुमार बोहरा)

शाखा अधिकृत

**बोधार्थ :**

श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

नेपाल सरकार

# महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

(महिला विकास तथा लैङ्गिक मूलप्रवाहीकरण शाखा)

सिहदरबार, काठमाण्डौं
फोन नं. :४२००१६४
फ्याक्स :४२००११६

पत्र संख्या :- ०७६।७७(म.वि.लै.मु.शा.)
च.नं. :- ९५

मिति:२०७६/११/१४

श्री सँघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं ।

विषय:- ११०औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने सम्बन्धमा

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले विगत बर्षमा झैं २०७६/११/२५ गते (तदनुसार ८ मार्च, २०२०) आईतवारका दिन ११०औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने तयारी गरेको र यसका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूको अध्यक्षतामा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मूल समारोह समिति गठन गरेको छ ।

संयुक्त राष्ट्र संघवाट I am Generation Equality: Realizing Women's Rights भन्ने अन्तर्राष्ट्रिय नाराका साथ विश्वभर यो दिवस मनाउन आव्हान गरिएको सन्दर्भमा विभिन्न संघ/संस्था, ७५३ स्थानीय तह र ७७ वटै जिल्ला समन्वय समिति लगायतका सबै सरोकारवाला निकायहरुलाई महिलाहरुको आर्थिक सामाजिक सशक्तीकरण गर्ने तथा लैंगिक समानताको दृष्टिकोणबाट आम समुदायको सोच र व्यवहार परिवर्तन गर्न सहयोग गर्ने कार्यक्रमहरु आयोजना गरी समाजिक सचेतना अभिवृधि गर्ने उदेश्यले साझा अभियानका रुपमा उक्त दिवस मनाउन सहयोग समन्वयका लागि मिति २०७६/११/०७ मा बसेको मूल समारोह समिति (मन्त्रीस्तर)को निर्णयानुसार अनुरोध छ। साथै, तहाँको website मा समेत यसैसाथ संलग्न सामग्रीहरु समाविष्ट गरीदिनु हुन अनुरोध छ ।

२०७६.११.१४

षष्टिका गिरी
शाखा अधिकृत

# आव्हान

मिति २०७६ साल फागुन २५ गते आइतबार ११० औं अन्तर्राष्ट्रिय महिला दिवस साझा अभियानका रुपमा मनाइंदै छ । महिलाहरुको आर्थिक, सामाजिक तथा व्यवस्थापकीय रुपान्तरणका माध्यमबाट सामाजिक सचेतना तथा राष्ट्रिय समृद्धि हासिल गर्ने उद्देश्यले संघीय सरकारका सबै निकायहरु, सात वटै प्रदेश सरकार, जिल्ला समन्वय समिति महासंघ, नगरपालिका महासंघ, गाउँपालिका महासंघ, ७७ वटै जिल्ला समन्वय समिति, ७५३ स्थानीय तह एवं त्यसका वडाहरु, सरोकारवाला निकायहरु एवं सामाजिक संघसंस्थाहरुले ११० औं अन्तर्राष्ट्रिय महिला दिवसलाई राष्ट्रियस्तरमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रुपमा "**समानताको पुस्ताः अन्त्य गरौं हिंसा, विभेद र असमानता**" भन्ने राष्ट्रिय नाराका साथ भव्य रुपले मनाउन आव्हान गरिन्छ ।

**नेपाल सरकार**

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।**

१११० औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस २०७६।११।२५ गते (तदनुसार 8 march, 2020)

## राष्ट्रिय नारा

# "समानताको पुस्ता : अन्त्य गरौं हिंसा विभेद र असमानता"

## अन्तर्राष्ट्रिय नारा

# "I am Generation Equality : Realizing Women's Rights"